मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ८५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २७ गते मंगलबार (Tuesday, 10 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सामाजिक सञ्जाल विधेयक फिर्ता

**काठमाडौं, माघ २६।** राष्ट्रियसभा बैठकबाट 'सामाजिक सञ्जाल विधेयक २०८१' फिर्ता भएको छ।

सोमबार बसेको राष्ट्रियसभा बैठकले सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरेको हो। बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायण दाहालले उक्त विधेयक फिर्ता गर्ने निर्णयलाई निर्णयार्थ प्रस्तुत गरेका थिए। उक्त प्रस्तावलाई सर्वसम्मत रूपमा पारित गरिएको थियो।

यसअघि माघ २३ गते बसेको राष्ट्रियसभा बैठकमा

**(बाँकी अन्तिम पृष्ठमा)**

## करिब दुई करोड मूल्यको कपडासहित ट्रक नियन्त्रणमा

### अवैध गोदाममा छापा मार्दा सशस्त्र प्रहरीमाथि आक्रमण

**मोरङ, माघ २६।** भारतबाट नेपाल प्रवेश गर्ने क्रममा भन्सार छली गरी कपडा भित्र्याइएको आशंकामा प्रहरीले विराटनगरबाट दुईवटा ट्रक नियन्त्रणमा लिएको छ।

लत्ताकपडा बोकेका ती ट्रक आइतबारसाँझ बिराटनगर महानगरपालिका-१४स्थित नेपाल टेलिकम कार्यालय अगाडिबाट नियन्त्रणमा लिइएको हो। मोरङ प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीका अनुसार प्र ३-०१-००५ ख ९४२५ र प्र ३-०१-००६ ख १३०८ नम्बरका ट्रक भारतबाट नेपाल प्रवेश गरेका थिए।







बिल-बीजकभन्दा बढी परिमाणमा कपडा रहेको तथा भन्सार मूल्यांकन कम गरिएको विशेष सूचनाका आधारमा प्रहरीले ट्रकसहित चालकलाई नियन्त्रणमा लिएको थियो। ९४२५ नम्बरको ट्रक सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-९का ४९ वर्षीय ऋषिराम पौडेलले चलाइरहेका थिए भने अर्को ट्रक रामेछाप जिल्लाको मन्थली नगरपालिका-१०का ३७ वर्षीय कुमार बुढाथोकीले चलाइरहेका थिए।

प्रारम्भिक जाँचका क्रममा भन्सार मूल्यांकन कम गरी ठूलो परिमाणमा राजश्व चुहावट गरिएको आशंका देखिएको डीएसपी चौधरीले बताए। ट्रकमा लोड गरिएको लत्ताकपडाको अन्दाजी मूल्य १ करोड ८१ लाख २६ हजार ८७ रुपैयाँ बराबर रहेको प्रहरीको अनुमान छ।

नियन्त्रणमा लिइएका दुवै ट्रक तथा चालकलाई आवश्यक अनुसन्धान र कानुनी कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय, इटहरीमा बुझाइएको प्रहरीले जनाएको छ। घटनाको थप अनुसन्धान भइरहेको र कसुर पुष्टि भएमा प्रचलित कानून अनुसार कारबाही अघि बढाइने बताइएको छ।

यसैबीच वीरगञ्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले वीरगञ्जस्थित अवैध गोदाममा छापा मार्ने क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीन जना सशस्त्र प्रहरी घाइते भएका छन्।

स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरीका दुईवटा सवारीसाधनमा पनि क्षति पुगेको छ। संयुक्त टोलीले भन्सार छली गरेर समान भित्र्याएको आशङ्कामा आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा राखिएको कपडा बरामद गर्ने क्रममा झडप भएको हो।

सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले संयुक्त टोलीले गोदाममा छापा मारेर अवैध रुपमा भण्डार गरी राखेको रु सात लाख मूल्य बढीको कपडा बरामद भएको जानकारी दिए।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षत्रीले स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरी बल नेपालको एउटा वानटन र एउटा स्कार्पियो गाडीमा समेत क्षति पुगेको बताए। भन्सार कार्यालय र सशस्त्र प्रहरीको टोलीमाथि स्थानीय व्यापारीले ढुङ्गामुडा हानेर अवरोध गर्न खोजेका थिए- उनले भने- स्थानीय व्यापारीले ढुङ्गा तथा लाठीको प्रयोग गरी सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए। आक्रमणमा परी सशस्त्र प्रहरीका सहायक निरीक्षकको एउटा मोबाइल स्थानीय व्यापारीले खोसेर लगेका छन्। गणपति

**(बाँकी अन्तिम पृष्ठमा)**

विश्वप्रकाश शर्माले छाडेको क्षेत्रमा चुनावी सरगर्मी

# झापा–१ : अनुभव कि विकल्प ?

**सुरेन्द्र भण्डारी**

**झापा, माघ २६।** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा झापा क्षेत्र नम्बर १ मा चुनावी सरगर्मी चुलिएको छ। दल र उम्मेदवारहरू मतदाताको ढोका-ढोकासम्म पुगिरहेका छन्। सीमावर्ती क्षेत्र, व्यापारिक नाका, पहिचान र बिचारको बहुलता बोकेको यो क्षेत्र यसपटक पनि पूर्वी नेपालको राजनीतिक प्रयोगशाला जस्तै देखिएको छ।

भारतसँग सिधा सीमाना जोडिएको मेचीनगर-१५ वडासहित बुद्धशान्ति-४ र भद्रपुर-२ वडा समेटिएको झापा-१मा एक लाख ३१ हजार ६७ मतदाता छन्। पुरुष मतदाता ६५ हजार ८ सय ५८ र महिला मतदाता ६५ हजार २ सय ९ छन्। मतदाताको संख्यागत सन्तुलन र भूगोलको विविधताले यहाँको चुनावलाई सधैं अनिश्चित बनाउँदै आएको छ।

यसपटकको प्रतिस्पर्धामा राजनीतिक पृष्ठभूमि मात्रै होइन, पेशागत पहिचान पनि प्रमुख मुद्दा बनेको छ। प्राध्यापक, इञ्जिनियर, सहकारीकर्मी, पत्रकारदेखि सामाजिक अभियन्तासम्म चुनावी मैदानमा छन्। यसले झापा-१को चुनावलाई परम्परागत दलगत प्रतिस्पर्धाभन्दा बाहिर लैजाने संकेत गरेको छ।

नेपाली कांग्रेसका उम्मेदवार केशबराज पाण्डे संगठनात्मक राजनीतिबाट आएका अनुभवी नेता हुन्। नेविसंघ हुँदै नेपाली कांग्रेसको सक्रिय राजनीतिमा स्थापित पाण्डे पार्टीभित्र कुशल संगठक र सफल व्यवसायीका रूपमा चिनिन्छन्। उद्योग-व्यवसायसँगको लामो सम्बन्ध र धार्मिक आस्थालाई जोडेर मतदाताामाझ पुगिरहेका पाण्डेले काँग्रेसको परम्परागत मताधार जोगाउने रणनीति लिएका छन्।

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माको चुनावी क्षेत्र भएकाले पनि कांग्रेसको शाख जोगाउन पाण्डेलाई चुनाव जित्नैपर्ने दबाब छ। तर, संसदीय यात्राका लागि उनी नयाँ



**केशवराज पाण्डे**
**नेपाली कांग्रेस**



**रामचन्द्र उप्रेती**
**नेकपा एमाले**



**निशा डाँगी**
**रास्वपा**



**अशेष घिमिरे**
**नेपाली क. पार्टी**



**हेमराज कार्की**
**राप्रपा**

अनुहार हुन्। नेपाली कांग्रेसका उपसभापति शर्माले चुनावमा उम्मेदवारी नदिएर पार्टीका झापा उपसभापति समेत रहेका पाण्डेलाई अघि सारेपछि उनको काँधमा चुनाव जित्नै पर्ने बाध्यता छ।

यता अर्का उम्मेदवार रामचन्द्र उप्रेतीका लागि पनि संसदीय यात्रा प्रवेशका लागि नयाँ खुड्किलो बनेको छ- यो निर्वाचन। नेकपा एमालेका तर्फबाट उम्मेदवार बनेका उप्रेती सहकारी अभियानमा स्थापित नाम हो। लामो समय पार्टी जिम्मेवारीमा सक्रिय नरहे पनि सहकारी क्षेत्रमा बनाएको सञ्जाल उनको मुख्य बल हो। पछिल्ला वर्षहरूमा सहकारी क्षेत्रमा देखिएका समस्याबीच उप्रेतीको छवि मतदाताले कसरी मूल्याङ्कन गर्छन् भन्ने प्रश्न यस क्षेत्रमा चासोको विषय बनेको छ।

त्यस्तै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार अशेष घिमिरे वैचारिक राजनीतिमा जोड दिने युवा अनुहार हुन्। 'पैसा दिएर मत नकिन्ने' घोषणासहित मैदानमा उत्रिएका घिमिरेले वैचारिक स्पष्टता र सैद्धान्तिक बहसलाई आफ्नो मुख्य अस्त्र बनाएर चुनावी मैदानमा छन्। तर, संगठित संरचनाको अभावले उनको अभियानले कति हदसम्म चिर्न सक्छ भन्ने चुनौति यथावत् छ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट उम्मेदवार बनेका हेमराज कार्कीले अर्थशास्त्र र विकासको बहसलाई केन्द्रमा राखेका छन्। शिक्षण पेशाबाट आएका कार्कीले आर्थिक रूपान्तरणको स्पष्ट खाका प्रस्तुत गर्न सक्ने दावी गर्दै आएका छन्। यद्यपि, राप्रपाको सीमित सांगठनिक पहुँचले उनलाई कति लाभ दिन्छ भन्ने प्रश्न यथावत छ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार निशा डाँगी यस क्षेत्रकै सबैभन्दा कम उमेरकी उम्मेदवार हुन्। पूर्व समानुपातिक सांसदको अनुभव लिएकी डाँगीले युवापुस्ताको प्रतिनिधित्व र वैकल्पिक राजनीतिलाई जोड दिँदै आएकी छिन्। रास्वपाप्रतिको शहरी र युवा आकर्षणले झापा-१को समीकरणमा नयाँ कोण थपेको छ।

पहिलोपटक चुनावी मैदानमा उत्रिएको श्रम संस्कृति पार्टी, मंगोल नेशनल अर्गनाइजेशनजस्ता दलका उम्मेदवारहरूले पहिचान र वैकल्पिक राजनीतिक धारलाई प्रतिनिधित्व गरिरहेका छन्। स्वतन्त्र उम्मेदवार गणेशकुमार खरेलले भने स्थानीय मुद्दा, सामाजिक सक्रियता र व्यक्तिगत छविलाई आधार बनाएर फरक परिचय निर्माण गर्ने प्रयास गरिरहेका छन्।

**(बाँकी अन्तिम पृष्ठमा)**

## विदेश पठाउने भन्दै ठगी

**काठमाडौँ, माघ २६।** प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाउने भन्दै लाखौँ रकम ठगी गरेको अभियोगमा पाँच जनालाई पक्राउ गरी सोमवार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा ललितपुर धापाखेल बस्ने ४३ वर्षीया बिना महर्जन, ४५ वर्षीया बिन्दा महर्जन, बागलुङ काठेखोला गाउँपालिका-२की ४३ वर्षीया कोपिला शर्मा, धनकुटा नगरपालिका-२का ३१ वर्षीय सन्तोष राई तथा काभ्रे चौंरीदेउराली नगरपालिका-९की ४८ वर्षीया कुमारी तामाङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए।

उनले भने- पक्राउ परेकामध्ये विना र विन्दाले अमेरिका पठाइदिने भन्दै रु. दश लाख, कोपिलाले बेलायत पठाइदिने भन्दै रु. १३ लाख, सन्तोषले कम्बोडिया पठाइदिने भन्दै रु. तीन लाख ७० हजार तथा कुमारीले पोर्चुगल पठाइदिने भन्दै रु. १३ लाख ६० हजार लिई सम्पर्कविहीन भएको उजुरीको आधारमा पक्राउ गरिएको हो। पक्राउ परेमा पाँचै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक भट्टले बताए।

## सीआईबीको 'असई' बनेर लाखौँ ठगी गर्ने महिला पक्राउ

**काठमाडौं, माघ २६।** आफूलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सीआईबी) को सहायक निरीक्षक ( असई) बताउँदै विभिन्न व्यक्तिलाई ठगी गर्ने एक महिलालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा रौतहट सर्लाहीको बरहथवा घर भई हाल कविलासी नगरपालिका बस्ने ३५ वर्षीया निर्मला महतो रहेकी छिन्। उनले नेहा, निशा र पुनमकुमारी लगायतका विभिन्न उपनाम प्रयोग गरेर ठगी धन्दा चलाउँदै आएको बताइएको छ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार निर्मलाले भन्सारका कर्मचारीसँग आफ्नो राम्रो सम्बन्ध रहेको भन्दै सस्तोमा स्कारपियो गाडी मिलाइदिने प्रलोभन देखाएर ठगी शुरु गरेकी थिइन्। उनले सर्लाहीका राजेश्वर साहकी श्रीमती पुनमकुमारीको नागरिकता र फोटो दुरुपयोग गरी आफ्नै नाममा राष्ट्रिय परिचयपत्र बनाएकी थिइन्। सोही परिचय-पत्रका आधारमा माछापुच्छ्रे बैंकमा खाता खोलेर उनले नक्कली हस्ताक्षर गरी चेक दिने र ठगी गर्ने गरेको पाइएको छ।

निर्मलाले चन्द्रपुरका एक ज्वेलर्सबाट २ लाख ७४ हजारको सुनचाँदी उधारो लगेर नतिरेको, एक व्यक्तिसँग घरायसी समस्या देखाएर ५ लाख सापटी लिएको र किराना पसल तथा गाडी भाडा बापत एक लाख २६ हजार रुपैयाँ ठगी गरेको खुलेको छ। उनले विश्वास

**(बाँकी अन्तिम पृष्ठमा)**

## कन्सल्टेन्सी सञ्चालक ठगीमा संलग्न भएपछि...

**झापा, माघ २६।** वैदेशिक रोजगारी तथा अध्ययनका लागि विभिन्न देश पठाइदिने प्रलोभन देखाई ६८ लाख रूपैयाँभन्दा बढी ठगी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा चितवनको राप्ती नगरपालिका-२का ३२ वर्षीय बद्री सिलवाल छन्। उनले काठमाडौं-१०मा 'ह्याप्पी एजुकेशनल कन्सल्टेन्सी' चलाउँदै आएका थिए। प्रहरीका अनुसार सिलवालले दुई जना बिद्यार्थीलाई अध्ययन भिसामा पोर्चुगल पठाइदिने भन्दै आफ्नो कन्सल्टेन्सीको खातामा २१ लाख ७० हजार रूपैयाँ जम्मा गर्न लगाएका थिए। रकम लिएपछि उनी कन्सल्टेन्सी बन्द गरेर फरार भएका थिए।

अनुसन्धानका क्रममा सिलवालले आफ्नो परिचय बदलेर समेत ठगी गर्ने गरेको खुलेको काठमाडौं जिल्ला प्रहरी परिसरका एसपी पवनकुमार भट्टराईले बताए। उनले आफ्नो नाम 'केदारप्रसाद सिलवाल' बताएर सोही नाममा चेक काट्न लगाई अर्को एक बिद्यार्थीलाई स्पेन पठाइदिने भन्दै १२ लाख ४० हजार रूपैयाँ ठगी गरेको उजुरी परेको प्रहरीले जनाएको छ।

सिलवालले चितवनको भरतपुर महानगरपालिका-१०मा पनि सोही नामको कन्सल्टेन्सी सञ्चालन गरी ठगी गरेको पाइएको

**(बाँकी अन्तिम पृष्ठमा)**

## सिक्किमलाई हराउँदै झापा-११ सेमीमा

**झापा, माघ २६।** बिर्तामोडमा जारी सातौँ झापा गोल्डकप फुटबल प्रतियोगितामा कठिन जित निकाल्दै आयोजक झापा-११ सेमीफाइनलमा प्रवेश गरेको छ।

सोमबार सम्पन्न पहिलो क्वाटरफाइनल खेलमा झापा-११ले सिक्किमको सिङलिङ स्पोर्टिङ क्लबलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गरेको हो।

निर्धारित ९० मिनेटको खेल गोलरहीत बराबरीमा टुंगिएपछि खेलको निर्णय सोझै टाइब्रेकरमार्फत गरिएको थियो। टाइब्रेकरमा झापाका रोमन भुजेल, शौरभ धिमाल, राजेश दाहाल र बिवेक मगरले सफल प्रहार गरे। सिङलिङका तर्फबाट सोनुहाङ सुब्बा, हेल्मेट सुब्बा र सुरज तामाङले गोल गरे।

सिङलिङका सुजन सुब्बाको प्रहार झापाका गोलकिपर बिवेक मगरले उत्कृष्ट बचाउ गरे भने




दीपेश क्षेत्रीको प्रहार पोष्ट बाहिरियो। निर्णायक क्षणमा गोलकिपर बिवेक मगरको साहसिक प्रदर्शन झापाको जितको आधार बन्यो। खेल अवधिभर झापा-११ ले सिङलिङमाथि निरन्तर दबाब बनाएको थियो। झापाका आधा दर्जनभन्दा बढी आकर्षक प्रहार गोलमा परिणत हुन सकेनन्। खेलको २८औँ मिनेटदेखि झापाले आक्रामक खेल प्रस्तुत गर्न थालेको थियो। विदेशी खेलाडी ओलावाले अफिजको शक्तिशाली प्रहार सिङलिङका गोलकिपर विल्सन शेर्पाले रोक्दै टिमलाई संकटबाट जोगाएका थिए।

३८औँ मिनेटमा समिर तामाङको प्रहार र ४९औँ मिनेटमा गोलकिपर बिट भइसकेपछि गरिएको हेडर गोलमा परिणत हुन सकेन। खेलको अन्तिम समयमा मौसम सुब्बाको डिबक्सभित्रबाट आएको प्रहार पनि गोलकिपरले पञ्च गर्दै बचाए।

सिङलिङले खेलको ५९औँ मिनेटमा कप्तान उत्तम राईमार्फत उत्कृष्ट अवसर सिर्जना गरे पनि झापाका गोलकिपरसँग वान-टु-वान अवस्थामा गोल गर्न असफल भयो। समग्रमा सिङलिङले झापाको पोष्टमा खासै खतरा सिर्जना गर्न सकेन। खेलको 'प्लेयर अफ द म्याच' झापा-११ का गोलकिपर

**(बाँकी अन्तिम पृष्ठमा)**



# विष्णुअमरका विद्यार्थीलाई रूपरत्नद्वारा स्वीटर

**अर्जुनधारा, पुस २६।** इलामको रोङ गाँउपालिका-२ बरफल्याङस्थित विष्णुअमर आधारभूत विद्यालयका विद्यार्थीहरुलाई सोमबार एक कार्यक्रमकाबीच स्वीटर वितरण गरिएको छ।

विभिन्न सामाजिक गतिविधिमा सक्रिय झापाको अर्जुनधारा नगरपालिका-७स्थित रुपरत्न मेमोरियल बोर्डिङ स्कूलले उक्त विद्यालयको कक्षा-६, ७ र ८मा अध्ययनरत् २२ जना विद्यार्थीलाई स्वीटर वितरण गरेको हो।

प्रधानाध्यापक कमलप्रसाद ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा रुपरत्न स्कूलकी प्रधानाध्यापक नम्रता गिरीले प्रधानाध्यापक ढकाललाई स्वीटर हस्तान्तरण गरेकी थिइन्।



आफ्नो विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत यस किसिमको कार्यक्रम विगतदेखि नै सञ्चालन गर्दै आएको हुँदा आगामी दिनमा पनि शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा विद्यालयकोतर्फबाट सहयोग प्रदान गर्ने प्रधानाध्यापक गिरीले प्रतिबद्धता व्यक्त गरिन्। कार्यक्रममा प्रधानाध्यापक गिरीसँगै, विद्यालयमा सञ्चालनरत् शुभ बुधबार कार्यक्रम-२०८२का संयोजक एवम् पत्रकार अमित खम्बू र अभिभावक कुमार प्रसाईंलगायतको सहभागिता रहेको थियो।

सोही कार्यक्रममा प्रधानाध्यापक गिरीले साना विद्यार्थीहरुलाई खाजा अन्तर्गत बिस्कुट पनि वितरण गरेकी थिइन्। रुपरत्नको कार्यप्रति प्रधानाध्यापक ढकालले धन्यवाद व्यक्त गरेको उक्त कार्यक्रमको सञ्चालन शिक्षक सोमनाथ अधिकारीले गरेका थिए।

# एमाले अध्यक्षद्वारा हुलाकी राजमार्गको अवलोकन

**झापा, माघ २६।** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले हुलाकी राजमार्ग तथा गौरीगञ्ज बजारको अवलोकन गरेका छन्।

चुनावी अभियानका क्रममा गृह जिल्ला आएका ओलीले सडक र बजार अवलोकनसँगै मतदातासँग भेटघाट समेत गरेका छन्।

उनले खजुरगाछी, देवीगञ्ज, जनताचोक, मल्हाटोली, दिनाभद्री, चिल्हरा, श्याम टोली, छहारी चोक, हरिरा, गौरीगाडाँगीलगायत बस्तीमा पुगेर मतदाताका अपेक्षा, गुनासो सुन्दै भावी कार्ययोजनाका बारेमा जानकारी दिएका थिए।

शुक्रबारदेखि नै अध्यक्ष ओली आफू उम्मेदवार रहेको निर्वाचन क्षेत्रमा केन्द्रित भएका छन्। स्थानीयले यस क्षेत्रको विकासका लागि उनले पुर्‍याउँदै आएको योगदानको चर्चा गर्दै बाँकी कामहरू पूरा गर्न आग्रह गरेको प्रचार समिति संयोजक देवेन्द्र दाहालले जानकारी दिए।

# 'आ बाट आमा': कमाइ ५ करोड नाघ्यो

अघिल्लो साता प्रदर्शनमा आएको पल शाह अभिनीत फिल्म 'आ बाट आमा'ले भने आशाको किरण छरेको छ।

सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांकमा फिल्मको ९ दिन (२४ माघ)सम्मको व्यापार ४ करोड ८० लाख ९० हजार ४८७ रुपैयाँ ग्रस देखिएको छ। आइतबारसम्म फिल्मले ५ करोड २० लाख रुपैयाँ ग्रस कमाइसकेको छ। गतशनिबार मात्र फिल्मले १ करोडमाथिको व्यापार गरेको थियो। यसरी हेर्दा बक्स अफिसमा फिल्म आक्रामक देखिएको छ।

प्रचारसहित २ करोडको लागतमा बनेको 'आ बाट आमा'ले लगानी उठाएर नाफा कमाउन अझै १ करोड ग्रस (साढे ६ करोड) व्यापार गर्नुपर्छ। त्यो हुँदा मात्र फिल्म 'हिट' कहलिनेछ। फिल्मको व्यापारिक रफ्तार हेर्दा उक्त आँकडा टाढा देखिँदैन। दोस्रो सातामा पनि फिल्मको व्यापार सुखद रहेकाले यसले १० करोडमाथि कमाउन सक्ने प्रक्षेपण गरिएको छ। यस वर्ष ५ करोड कमाउने यो उनको दोस्रो फिल्म हो। यसअघि गत साउनमा प्रदर्शन भएको फिल्म 'मोहर'ले पनि ५ करोडमाथिको व्यापार गरेको थियो। यो हिसाबले पलका लागि २०८२ साल फलदायी सावित भएको देखिन्छ। अब फिल्ममा उनको माग र पारिश्रमिक बढ्ने निश्चित छ।

चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा पलसहित विपना थापा, प्रदीप रावत (गजनी भिलेन), साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ। आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन्।

## सामाजिक ...

प्रधानमन्त्रीका तर्फबाट कानूनमन्त्री अनिल सिन्हाले उक्त विधेयक फिर्ता गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए।

गत वर्ष माघ २७ मा तत्कालीन केपी ओली नेतृत्वको सरकारले राष्ट्रियसभामा उक्त विधेयक पेश गरेको थियो। तत्कालीन सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालको दुरुपयोग रोक्न र प्रभावकारी नियमनको कानूनी आधार तयार गर्ने भन्दै माघ १५मा संघीय संसद सचिवालयमा विधेयक दर्ता गराएका थिए।

विधेयकमा सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन कायम राख्न आवश्यक व्यवस्थाहरू समेटिएको थियो। सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रणका प्रावधानसहित कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पिच राख्न नपाइने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमोड गर्न नपाइने व्यवस्था गरिएको थियो।

जरिवाना र जेल सजायसहितको प्रावधान विधेयकमा समेटिएको थियो। बैठकले पर्यटन विधेयक २०८१ लाई पारित गरेको छ। त्यसअघि बैठकको प्रारम्भमा राष्ट्रियसभामा ६ वर्षे कार्यकाल सकिन लागेका सदस्यहरुले यस अवधिमा आफूले गरेका काम र अनुभव राखेका थिए। बैठकले राष्ट्रियसभाका पूर्वसदस्य शुक्रराज संयोकको निधनमा शोक प्रस्ताव समेत पारित गरेको छ। राष्ट्रियसभाको अर्को बैठक माघ २८ गते बुधबार बोलाइएको छ।

## सीआईबीको ...

दिलाउन आफू प्रहरी भएको नक्कली परिचय दिने गरेकी थिइन्।

प्रहरीले उनलाई माघ ४ गते चन्द्रपुरबाट पक्राउ गरे पनि लामो समयसम्म आफ्नो वास्तविक पहिचान लुकाएकी थिइन्। डीएसपी रुपा लाबुङका अनुसार विभिन्न कागजात र बैंक खाताको अनुसन्धानपछि मात्र उनको वास्तविक परिचय खुलेको हो। उनीमाथि अहिले ठगी, आपराधिक विश्वासघात र आपराधिक लाभ सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ।

## करिब ...

क्षत्रीले सशस्त्र प्रहरीमाथि आक्रमण गर्नेहरुको खोजी कार्य तीव्र पारिएको जानकारी दिए।

पछिल्लो समय पर्सामा राजश्व चुहावट तथा भन्सार छली भएको आशङ्कामा भन्सार तथा सशस्त्र प्रहरीले छापा मार्दा प्रहरीमाथि आक्रमण हुने गरेका छन्।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले भन्सार तथा सशस्त्र प्रहरीले पूर्ण सूचनाका आधारमा छापा मारेको खण्डमा अहिले देखिएको समस्या हल गर्न सकिने बताए। सरकारी निकायलाई कोहीबाट गोप्य सूचना आएपछि पूर्ण रुपमा सूचनालाई पुष्ट्याइँ गर्ने आधार भएपछि मात्रै छापा मार्दा अहिले प्रहरी प्रशासनमाथि हुने गरेको आक्रमण हुँदैन्थ्यो- उनले भने।


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याब सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा


**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म

पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याब
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।

HK EMPLOYMENT SERVICES PRIVATE LIMITED

सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३ बिर्तामोड, झापा

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

BIRTAMODE EYE HOSPITAL

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org





## कन्सलटेन्सी ...

छ। उनले चार जनालाई कामदार भिसामा सर्बिया पठाइदिने भन्दै २१ लाख ९० हजार ५ सय रूपैयाँ लिएर सम्पर्कविहीन भएको उजुरी प्रहरीकहाँ पुगेको छ। अन्य तीनजना पनि स्पेन पठाउने भन्दै १२ लाख रूपैयाँ लिएर ठगी गरेको भन्दै प्रहरीको सम्पर्कमा आएका छन्।

## झापा १ ...

झापा-१मा यसपटकको चुनाव परम्परागत ठूला दलको संगठनात्मक शक्ति, वैचारिक राजनीति, पेशागत पहिचान र नयाँ पुस्ताको आकर्षणबीचको टकरावका रूपमा देखिएको छ। १५ उम्मेदवार रहेको यो क्षेत्रमा मत विभाजनको सम्भावना उच्च छ। अन्ततः मतदाताले संगठन रोज्ने कि व्यक्तित्व, अनुभव रोज्ने कि नवीनता-यसको फैसला फागुन २१ गतेको मतपेटिकाले गर्नेछ।

झापा १बाट दुई स्वतन्त्रसहित १५ उम्मेदवार चुनावी मैदानमा छन्। जसमा अशेष घिमिरे नेपाली कम्युनिष्ट पार्टी, ओलोन राजवंशी राष्ट्रिय सद्भावना पार्टी, केवलराम राई श्रम संस्कृति पार्टी, केशवराज पाण्डे नेपाली कांग्रेस, खान्द्रु करुवा नेपाल जनमुक्ति पार्टी, गणेशकुमार खरे स्वतन्त्र, दुर्गाप्रसाद साँवा लिम्बू स्वतन्त्र, नरेशकुमार लावती उज्यालो नेपाल पार्टी, निशा डाँगी राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले जानकारी दिए।

उनका अनुसार संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट मानवहादुर साँवा लिम्बू, जनता समाजवादी पार्टी नेपालबाट रमा मेचे, नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट रामचन्द्र उप्रेती, मंगोल नेशनल अर्गनाइजेशनबाट सन्तोष तामाङ, नेपाल मजदुर किसान पार्टीबाट हिरण्यप्रसाद भट्टराई र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हेमराज कार्कीको उम्मेदवारी रहेको छ।

## सिक्किमलाई ...

बिवेक मगर घोषित भए। उनले नगद २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे।

प्रतियोगिता अन्तर्गत मंगलबार दोस्रो क्वार्टर फाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र लालीगुँरास एशोसिएशन पोखराबीच हुने छ। झापा गोल्डकपको विजेताले नगद १५ लाख रुपैयाँ तथा उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्।

प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एक थान मोटरसाइकल प्राप्त गर्नेछ। साथै विधागततर्फ उत्कृष्ट प्रशिक्षक, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलकिपरलाई जनही ३५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने झापा गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए।

# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२/१०/२७**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासाग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घर घरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय :** चारपाने | **कर्जा शिर्षक :** व्यावसायिक आवद्यिक कर्जा र व्यावसायिक चालुपूँजी कर्जा

**ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम, थर तथा तीन पुस्ते विवरण**

**ऋणी :** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७७/०९/२३ मा दर्ता नम्बर २५२३१४/०७७/०७८ भई दर्ता भएको रजिष्टर्ड कार्यालय इलाम जिल्ला, रोङ्ग गा.पा. वडा नं. १ स्थित पूर्वी किरण कृषि फार्म प्रा.लि.।

**धितो सुरक्षणको विवरण :**

१. **रेखा कुमारी कार्की केसी**को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स/न.पा.,वडा नं. १ स्थित कि.नं. ५५५३ को क्षेत्रफल ०-१-० (बि-क-धु) भएको जग्गा, उक्त जग्गामा निर्मित घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. **पल्मु शेर्पा**को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स/न.पा., वडा नं. ६ स्थित कि.नं. १८४ को क्षेत्रफल २९० व.मि भएको जग्गा, उक्त जग्गामा निर्मित घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| | | |
|---|---|---|
| **व्यक्तिगत जमानीकर्ता/संचालक/शेयरधनी :**<br>नाम : बिष्णु प्रसाद खरेल<br>बाबु : बालु राम खरेल<br>बाजे : पध्मलाल खरेल<br>ना प्र नं.: २३३७१११८ (जारी मिति र जिल्ला २०३६/०२/३१, झापा)<br>ठेगाना : मोरङ्ग जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. ३ बस्ने। | **व्यक्तिगत/धितो जमानीकर्ता :**<br>नाम : पल्मु शेर्पा<br>बाबु : पासाङ शेर्पा<br>पति : अनुप निरौला<br>ना प्र नं. : ६३०९१ (जारी मिति र जिल्ला २०६०/०५/०५, उदयपुर)<br>ठेगाना : उदयपुर जिल्ला, रौता गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ३ बस्ने | **व्यक्तिगत/धितो जमानीकर्ता :**<br>नाम : रेखा कुमारी कार्की केसी<br>बाबु : रन बहादुर कार्की क्षेत्री<br>पति : अविचन्द्र रिजाल<br>ना प्र नं. : ०४/१७२८ (जारी मिति र जिल्ला २०६२/०९/१९, झापा)<br>ठेगाना : झापा जिल्ला, घैलाडुवा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ बस्ने। |
| **व्यक्तिगत जमानीकर्ता/सञ्चालक/शेयरधनी :**<br>नाम : अविचन्द्र रिजाल<br>बाबु : धर्मानन्द रिजाल<br>बाजे : कपिलमुनी रिजाल<br>ना प्र नं. : ९९०१ ६३६७ (जारी मिति र जिल्ला २०४४/०४/०३, झापा)<br>ठेगाना : झापा जिल्ला, पृथ्वीनगर न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ बस्ने। | **व्यक्तिगत जमानीकर्ता/संचालक/शेयरधनी :**<br>नाम : अनुप निरौला<br>बाबु : बिष्णु निरौला<br>बाजे : महेश्वर निरौला<br>ना प्र नं. : ६१३/१८५ (जारी मिति र जिल्ला २०४६/०१/२३, सुनसरी)<br>ठेगाना: सुनसरी जिल्ला, वाराहा क्षेत्र न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ३ बस्ने। | **व्यक्तिगत जमानीकर्ता/संचालक/शेयरधनी :**<br>नाम : हिमा दंगाल<br>बाबु : रामचन्द्र दंगाल<br>पति : राजेन्द्र अकौलिया<br>ना प्र नं. : ०४/१८३३ (जारी मिति र जिल्ला २०६२/०९/२६, झापा)<br>ठेगाना : झापा जिल्ला, धरमपुर गा.वि.स वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. २ बस्ने। |

| | |
|---|---|
| **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : देवि कुमारी ढकाल<br>बाबु : दुर्गा प्रसाद ढकाल<br>पति : बिष्णु प्रसाद खरेल<br>ना प्र नं. : ९७७३६६८८ (जारी मिति र जिल्ला २०४६/०७/१३, झापा)<br>ठेगाना : झापा जिल्ला, तोपगाछी न.पा./गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ३बस्ने। | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : राजेन्द्र अकौलिया<br>बाबु : गंगा प्रसाद अकौलिया<br>बाजे : राम प्रसाद अकौलिया<br>ना प्र नं. : ०४३०२१/५४७ (जारी मिति र जिल्ला २०६३/१२/१५, झापा)<br>ठेगाना : झापा जिल्ला, चकचकी न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ३ बस्ने। |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa | 023-533564 | 534010 | info@edb.com.np | www.edb.com.np

**कर्जा असुली विभाग**

## चुलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**चुलाचुली, ईलाम, कोशी प्रदेश, नेपाल**

# आय ठेक्काको लागी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः - २०८२/१०/२७** (10th- Feb 2026)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) मा व्यवस्था भए बमोजिम तथा यस कार्यालयको निर्णयानुसार आ.व. २०८२/०८३ का लागि चुरे तथा वन क्षेत्र बाहेकका क्षेत्रमा स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चुलाचुली गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही E–BID मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घ.मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर सहित) | बोलपत्र दस्तुर | बोलपत्र तथा दरभाउपत्र खरिद रकम बुझाउने खाता नम्बर | धरौटी रकम बुझाउने खाता नम्बर |
|---|---|---|---|---|---|---|---|
| १ | 17/ Chulachuli 082/83 | Mining of Riverbed Material of FUINKE NAKA Non-Chure area | 4850.00 | 13,53,464.28 | 1,000 | Ga-1.1 Rajaswa (Revenue) Khata 1030060744200030 | धरौटीः बोलपत्रदाताको कबोल रकमको ५% Dharauti Khata 1030060744200037 |
| २ | 18/Chulachuli/ 082/83 | Mining of Riverbed Material of OM SHANTI NAKA | 6400.00 | 17,86,014.72 | 1,000 | | |

नोटः थप जानकारीका लागि चुलाचुली गाउँपालिकाको कार्यालय, चुलाचुली, ईलाम, फोन नं. ९८५२६५००११ तथा www.bolpatra.gov.np/egp मार्फत प्राप्त गर्न सकिने पनि जानकारी गराइन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

**सम्पादकीय**

## इन्टरनेटको सुरक्षित प्रयोग गरौं

**प्रविधिको विकाससँगै इन्टरनेट चलाउनेको संख्या बढ्दै जाँदा त्यसको सुरक्षित प्रयोग सम्बन्धी सचेतना प्रवाह गर्न सुरक्षित इन्टरनेट दिवस मनाइन्छ । आज त्यही दिन र दिवस हो जसले इन्टरनेटको प्रयोगका क्रममा उत्पन्न कठिनाइ, समस्या र असुरक्षाका बारेमा अनुभव साटासाट गर्न सचेतना दिने कार्यक्रमहरुको आयोजना गरिन्छ । हामीकहाँ पछिल्लो समय इन्टरनेटकै माध्यमबाट हुने ठगीका घटनाहरु दिनहुँ बढिरहेका छन् । त्यसको सुरक्षित प्रयोग नगरिँदा धेरैले आर्थिक, मानसिक र भौतिक क्षति व्यहोर्नु परेको छ । इन्टरनेटको दुरुपयोगले व्यक्तिको मान, प्रतिष्ठामा आघात पुगेको छ र कतिले दुर्व्यवहार पनि खप्नु परेको छ ।**

**इन्टरनेटको दुरुपयोगबाट हुनसक्ने जोखिम र क्षति न्यूनीकरण गर्दै साइबर सुरक्षा सम्बन्धमा चेतना अभिवृद्धि गर्न बालबालिका तथा युवा वर्ग लक्षित यो दिवस आजको डिजिटल युगले दिएको ज्ञान र त्यसबाट प्राप्त हुने सिप र क्षमता अभिवृद्धिका लागि समेत सहायक छ । आजभोलि इन्टरनेटको पहुँच वृद्धिले प्रयोग बढाएको मात्र छैन ज्ञान, सूचना, सञ्चार र मनोरञ्जनको अभूतपूर्व अवसर पनि प्रदान गरेको छ । तर, त्यसकै दुरुपयोगले बालबालिका र युवाहरु अनलाइन दुर्व्यवहार, शोषण, छलकपट, यौनजन्य अपराधहरुबाट पीडित पनि छन् ।**

**खासगरी बालबालिका र युवावर्गलाई इन्टरनेटको नकारात्मक प्रभावबाट जोगाउन सरकारी तथा निजी क्षेत्रले बेलैमा सजगता अपनाउनुपर्छ । कोभिडको महामारीपछि संसारभरि अनलाइनको प्रयोग बढेको छ । बालबालिकाका हातमा समेत इन्टरनेटको पहुँच र प्रयोग बढेको छ । त्यसैले त्यसको नकारात्मक प्रभावबाट सुरक्षित राख्न पनि यो दिवसले विशेष सन्देश दिएको छ । त्यसका लागि विद्यालय, अभिभावकहरु, सामाजिक संघ–संस्थाहरु सक्रिय हुनुपर्छ । त्यही उद्देश्य प्राप्तिका लागि सन् २०१९ देखि नेपालमा पनि मनाइन थालेको इन्टरनेट दिवस आजको आवश्यकता हो ।**

**मुख्यत: चाइल्डसेफ नेटले प्रबर्द्धन गरेको यो दिवस आज विश्वव्यापी भइसकेको छ । सूचना तथा प्रविधिको तीव्र विकासले ल्याएको क्रान्तिसँगै नकारात्मकताले बालबालिका बढी प्रभावित हुन थालेका छन् । त्यसैले त्यस्तो नकारात्मकताबाट जोगाउँदै इन्टरनेटको सुरक्षित प्रयोग सम्बन्धी चेतना अभिवृद्धि गर्न, अनलाइन ठगी तथा जोखिमबाट बच्न, लक्षित वर्गकै हित र क्षमता बढाउन पनि सहायक हुने यो दिवसले इन्टरनेटको सुरक्षित प्रयोगको चेत बढाओस् शुभकामना ।**

# हरित निर्वाचनको नयाँ अ



कृष्ण अधिकारी

पहिले जताततै पर्चा, पम्पलेट, तुल व्यानरदेखि चर्को आवाजमा माइकिङका स्वरहरुले निर्वाचन आएको प्रष्ट थाहा हुन्थ्यो । स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा मात्र नभई राजनीतिक दलका भ्रातृ सङ्गठन, पेशागत सङ्गठनदेखि सामुदायिक संस्थाहरुका निर्वाचनका प्रचारहरु पनि निकै तामझम हुने गर्दछन् । निर्वाचन आउनु महिनौं अघिदेखि नेताहरु घरघरमा आउने, चोक, केन्द्रहरुमा आमसभा गर्ने, अनावश्यक भोजभतेर गर्ने, बढीभन्दा बढी मानिस उतारेर जुलुस गर्ने होडबाजी नै हुन्थ्यो । मतदातालाई प्रभावित पार्ने नाममा गरिने यस्ता प्रचारात्मक क्रियाकलापले ठूलो धनराशि खर्च हुनुका साथै वातावरणमा प्रतिकूल असर पार्ने भएकाले पछिल्लो समय क्रमशः निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित रुपमा सम्पन्न गर्न प्रचार सामग्रीलाई व्यवस्थित, फजुल खर्चमा नियन्त्रण र निर्वाचनको प्रचार अवधिलाई कम गरी वातावरणमैत्री अर्थात् हरित निर्वाचनतर्फ जोड दिन थालिएको छ। हरित निर्वाचन भन्नाले चुनावी प्रक्रियाको शुरुदेखि अन्त्यसम्म वातावरणीय दृष्टिले दिगो, जिम्मेवार र वातावरणीय प्रभावलाई न्यून गर्ने कार्यहरूलाई बुझाउँछ।

निर्वाचनमा अत्यधिक प्रयोग हुने कागजलाई कम गर्न कागजरहित प्रक्रियामा जोड दिन सकिन्छ। आवश्यक परेको ठाउँमा पनि पुनः प्रयोग गर्न योग्य कागजको उपयोग गर्न सकिन्छ। त्यस्तै ई-मतदाता कार्ड, ई-ब्यालेटस्, क्युआरमा आधारित भोटिङ प्रणालीलाको अभ्यासलाई अपनाउन सकिन्छ। हरित निर्वाचनले बढ्दो वातावरणीय समस्यालाई कम गर्न निकै मद्दत पुग्दछ। यसमा निर्वाचनमा धेरै प्रयोग हुने कागज, ऊर्जा र यातायातबाट हुने प्रदुषणलाई कम गरी कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिन्छ। कम कागज, कम प्लास्टिक र ऊर्जा बचत हुँदा प्राकृतिक स्रोतको संरक्षणमा योगदान पुग्दछ। त्यति मात्र होइन, निर्वाचनमा हुने धाँधली, अनियमितता र आर्थिक स्रोतको ठूलो दोहनलाई पनि घटाउन सकिन्छ। डिजिटल र स्मार्ट अभ्यासले लोकतन्त्र माथि जनताको विश्वासलाई बढाउँछ। साथै, निर्वाचन आयोग, उम्मेदवार र मतदातामा निर्वाचनप्रतिको विश्वास र आस्था बढ्नुले शासन प्रणालीलाई नै पारदर्शी हुन बल पुग्दछ।

**नेपालमा हरित निर्वाचनको थालनी**

नेपालमा निर्वाचनलाई लोकतान्त्रिक र समावेशी बनाउने प्रयास भए पनि वातावरणीय दिगोपना पक्षलाई पर्याप्त ध्यान दिइएको छैन। यसपटक निर्वाचन आयोगले निर्वाचनलाई वातावरणमैत्री बनाउन हरित निर्वाचनको अवधारणालाई अभ्यासमा ल्याएको छ। आयोगले एकातिर आफ्ना गतिविधिहरुलाई वातावरणमैत्री अभ्यास गर्ने र अर्कोतिर राजनीतक दलहरुलाई पनि यसतर्फ लाग्न अभिप्रेरित गरेको छ।

हरित निर्वाचन वा 'ग्रिन इलेक्सन' को अवधारणा अनुरुप आयोगले वातावरणमा हानी पुऱ्याउने कागज, प्लास्टिक, इन्धन जस्ता सामग्रीको न्यूनतम प्रयोग गर्दै डिजिटल, दिगो र प्रदुषणमुक्त माध्यमबाट निर्वाचन सम्पन्न गर्ने लक्ष्य लिएको छ। सकेसम्म प्रदुषण नफैलाउने, प्लास्टिकको कमभन्दा कम प्रयोग गर्ने, डिजिटाइजेसनमा जोड दिने र प्लास्टिकको प्रयोग नगरी नहुने अवस्थामा ४० माइक्रोनभन्दा माथिको प्लास्टिकको सीमित रूपमा प्रयोग गरिनुको साथै प्लास्टिकका सामग्री जस्तैः मतपेटिका, पानीका जार, पानी खाने बोतल, कुर्सीटेबल, टेन्टहरू पुनः प्रयोगमा ल्याउने र भविष्यका लागि पनि पुनः प्रयोगमा जोड दिएको छ।

राजनीतिक दल तथा उम्मेदवारलाई डिजिटल प्रचार, इलेक्ट्रिक सवारीसाधन र वातावरणमैत्री सामग्री प्रयोग गर्न सुझाव दिएको छ भने प्रचारपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। राजनीतिक दल वा तिनका उम्मेदवारले सभा, जुलुस, ऱ्याली वा घरदैलो प्रचारप्रसारमा सम्भव भएसम्म इलेक्ट्रिक वा नवीकरणीय ऊर्जाबाट चल्ने साधन प्रयोग गर्नुपर्नेछ। आचारसंहिताको दफा २ (क ख)मा जैविक रूपमा नष्ट नहुने सामग्रीको न्यूनतम् प्रयोग गरी गरिने दिगो र प्रदुषणमुक्त निर्वाचनका रूपमा हरित निर्वाचनको परिभाषा गरिएको छ। दफा ३६ को खण्ड (क) अनुसार निर्वाचन प्रचारमा वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्नुपर्ने उल्लेख छ।

यस्तै खण्ड (ख)ले सभा वा जुलुस गर्दा वातावरणमा हानि नहुने सामग्री प्रयोग गर्न भनेको छ। भौतिक प्रचार सामग्रीको सट्टा डिजिटल माध्यमलाई प्राथमिकता दिनुपर्ने खण्ड (ग)मा उल्लेख छ। खण्ड (घ) बमोजिम ध्वनि र वायु प्रदूषण न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्नेछ। त्यस्तै खण्ड (च)ले प्लास्टिक वा पोलिथिन जस्ता अजैविक सामग्री प्रयोगमा रोक लगाएको छ। 'निर्वान प्रचारप्रसारका कार्यक्रममा सवारीसाधान प्रयोग गर्दा इलेक्ट्रिक वा नवीकरणकीय ऊर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने', सोही दफाको खण्ड (छ)मा भनिएको छ। प्रचार कार्यक्रम सकिएपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्ने




लगायतका निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपछि उनीहरूले प्रयोग गरेका सामग्री अनिवार्य रूपमा सङ्कलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ।

दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चमा फोहर व्यवस्थापन र हरित उपायहरूलाई देखाउनुपर्ने गरी खर्चको शीर्षकको व्यवस्था गर्नु आवश्यक छ। निर्वाचन ऐन तथा नियमावलीमा हरित निर्वाचनको अवधारणा समावेश भएको छ। त्यसमा वातावरणमैत्री निर्वाचनको अभ्यासलाई कानूनी मान्यता दिइएको छ। निर्वाचन आचारसंहितामा हरित प्रावधान समावेश गरिएको छ। राजनीतिक दलका लागि न्यूनतम् हरित मापदण्ड निर्धारण गरिएको छ भने प्लास्टिक ब्यानर निषेध वा सीमा लगाइएको छ।

डिजिटल प्रचारलाई प्राथमिकता दिइएको छ। निर्वाचन आचारसंहिता २०८२ को दफा ३६ को खण्ड (छ) अनुसार जिम्मेवारी दफा ३६ को खण्ड (ज)ले सम्बन्धित दल वा उम्मेदवारलाई सुम्पेको छ। 'सभा, जुलुस, ऱ्याली वा घरदैलो जस्ता निवार्चन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्य रूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने' खण्ड (ज)मा भनिएको छ।

डिजिटल तथा प्रविधिमैत्री निर्वाचन प्रणाली अन्तर्गत डिजिटल मतदाता दर्ता र सूचना प्रणालीको थालनी भएको छ। सामाजिक सञ्जाल, वेबसाइट, मोबाइल सार्वजनिक बहस र भर्चुअल संवाद गर्न सकिन्छ। उम्मेदवारहरुलाई छपाइ सामग्रीमा सीमा, पोस्टर/पम्पलेटको संख्या निर्धारण गरिएको छ भने हरित आचारसंहिता उल्लङ्घन भएमा जरिवाना वा सुविधा कटौती जस्ता दण्डको व्यवस्था गरिएको छ। पुनः प्रयोग योग्य कागजको प्रयोगलाई अनिवार्य बनाइएको छ।

कागजी सूचनाको प्रयोग न
मोबाइल एप र वेबसाइटबाट मत
भएको छ। विद्युत् सुविधा पुग्
स्थानहरुका मतदान केन्द्रहरुम
अवधारणा अनुसार सौर्य ऊर्जा
न्यून ऊर्जा खपत गर्ने भोटिङ म
अजैविक फोहर छुट्याउने 'रिसा
गरी फोहोर व्यवस्थापन प्रणा
सकिन्छ।

मतदाताको सुविधाका लागि
मिल्ने गरी मतदान केन्द्र नजिकै
यातायातको प्रयोगलाई प्रोत्सा
अडिटको व्यवस्था गरी कार्बन उ
दिइएको छ। प्रत्येक निर्वाचन
मूल्याङ्कन गर्ने नयाँ प्रावधान शुरु

निर्वाचनमा खटिएका कर्म
प्रशिक्षण तथा राजनीतिक दल
अभिमुखीकरण कार्यक्रममा हरि
बारेमा अवगत गराउन थालिए
जिम्मेवार नागरिक सन्देशसहित
सञ्चालन गरिएको छ। क्यूआर
प्रयोग, कागजी मतपत्र घटाउँदै लै
प्रयोगमा ल्याउनेतर्फ सोचको विक
देशमा जस्तै नेपालमा पनि पूर्ण रु
प्रणालीको अभ्यास हुनेछ।

**विश्वव्यापी अभ्यास**

जलवायु परिवर्तनले आ
वातावरणीय क्षेत्रमा पारेको
न्यूनीकरण गर्न विश्वव्यापी रुप
छ। यस क्रममा निर्वाचनलाई प
विभिन्न प्रयासहरुको थालनी भए
फ्रान्स लगायतका युरोपका धेरै
र अनलाइन मतदानलाई अभ्यास
कागजको प्रयोगमा कमी आउनु
पनि वातावरणमा स्वच्छता आ
पुग्न नसकेका स्थानहरुमा पनि सौ
ऊर्जा मार्फत परम्परागत तथा ख
कम गरिएको छ। मोबाइल/वे
तथा मतदाता शिक्षा कार्यक्रमहर

क्यानडा र अमेरिका जस्ता दे
प्राथमिकता दिइएको पाइन्छ।
विज्ञापन पनि डिजिटल स्वरुपमा
दिइने सूचना वा प्रचारका विषय
मार्फत गर्ने गरिन्छ। उम्मेदवा
सामाजिक सञ्जाल एवम् भिडियो
माध्यमबाट राख्ने गर्दछन्।
कागजातहरु पनि त्यतिकै नष्ट नग
गर्न सकिन्छ भन्ने सोचको विकास
भारत लगायत देशहरुमा पनि विद्यु
बढेसँगै कागजको खपतमा कम
एप/सोसल मिडियाहरु मार्फत मत
सञ्चालन गरिएका छन्।

भारतको केरलाको हरित अभिय
राज्य निर्वाचन आयोगले दलहरूल

# १२ वर्षअघि पितासँग चुनाव लडेका आचार्यसँग भिड्दै सुहाङ नेम्वाङ





**इलाम, माघ २६।** २०७० सालको संविधानसभा निर्वाचनमा सुवासचन्द्र नेम्वाङसँग चुनाव हारेका नेपाली कांग्रेसका भेषराज आचार्य यसपटक सुवासकै छोरा सुहाङ नेम्वाङसँग चुनावी प्रतिस्पर्धामा छन् ।

दोस्रो संविधानसभा निर्वाचनमा आचार्य नेम्वाङसँग दुई हजार एक सय १२ मतले पराजित भएका थिए । त्यो बेला एमालेका सुवासचन्द्र नेम्वाङले १४ हजार नौ सय ३० मत प्राप्त गर्दा कांग्रेसका आचार्यले १२ हजार आठ सय २८ मत प्राप्त गरेका थिए ।

सुवासचन्द्र नेम्वाङसँग १२ वर्षअघिका प्रतिस्पर्धा गरेका आचार्य र सुहाङबीच यसपटक रोचक प्रतिस्पर्धा हुने देखिएको छ । उनीहरू बीचको प्रतिस्पर्धा कस्तो हुने हो ? भन्ने विषय इलामका चोकदेखि चौतारा हुँदै चिया गफसम्म चर्चा पाउन थालेको छ । माघ ६ गते उम्मेदवारी दर्ता गराएसँगै आचार्य र नेम्वाङसहित १४ जना उम्मेदवारले इलाम क्षेत्र नम्बर २ का मतदाता भेट्न शुरु गरेका छन् । उम्मेदवारहरू मतदाता भेट्न व्यस्त छन् भने मतदाताहरू उम्मेदवारका बाचा सुन्दै उनीहरूको एजेन्डा र कार्यक्रमको मूल्याङ्कन गरिरहेका छन् । यद्यपि अधिकांश दलले आफ्नो प्रतिबद्धता, एजेन्डा र घोषणा पत्र सार्वजनिक गरेका छैनन् ।

इलाम क्षेत्र नम्बर २ मा लगातार चुनाव जितेका संविधानसभा अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्वाङको निधनपछि २०८१ साल वैशाख १५ गते सम्पन्न उपनिर्वाचनमा उनका छोरा सुहाङ नेम्वाङ निर्वाचित भएका थिए । त्यो बेला उनलाई तत्कालीन नेकपा माओवादी लगायतका कम्युनिस्ट पार्टीहरूले समर्थन गरेका थिए । उक्त निर्वाचनमा सुहाङसँग प्रतिस्पर्धा गर्ने कांग्रेसका उम्मेदवार डम्बर खड्का थिए ।

यस पटक दोस्रो पटक चुनाव लड्दा सुहाङ १२ वर्षअघि आफ्नै पितासँग चुनाव लडेका आचार्यसंग प्रतिस्पर्धा हुन लागेको हो । सुहाङ १६ महिनाको संसदीय अभ्यासमा गरेको काम र जिल्लाका लागि गरेका प्रयासले पनि यसपटक मतदाताको साथ पाउने विश्वास व्यक्त गरेका छन् ।१२ वर्षअघि आफ्नै पितासँग हार बेहोरेका नेपाली कांग्रेसका आचार्य यसपटक एमालेका मुख्य प्रतिस्पर्धी हुन् । २०४८ पछिका प्रत्येक निर्वाचनमा इलाम २ मा कांग्रेस दोस्रो हुँदै आएको थियो ।


इलामको सामाजिक र राजनीतिक क्षेत्रमा लामो समय योगदान गर्दै आएका आचार्यले अघिल्लो निर्वाचनमा एमालेसँग सहकार्य गरेका कम्युनिस्ट घटक र आफ्नो दल एक्लै प्रतिस्पर्धामा रहेकाले चुनाव जित्न सजिलो हुने टिप्पणी गरेका छन् । २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा इलाम २ बाट संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ ३० हजार २० मत प्राप्त गरी विजयी भएका थिए । उक्त बेला कांग्रेसका उम्मेदवार डम्बर खड्काले २९ हजार नौ सय छ मत प्राप्त गरेका थिए, जसको मतान्तर झिनो एक सय १४ मात्र थियो ।

त्यसअघि २०७४ को प्रतिनिधि सभा निर्वाचनमा पनि नेम्वाङले कांग्रेस उम्मेदवार केशव थापालाई पराजित गरेका थिए । त्यहाँ माओवादी केन्द्रसँगको बाम गठबन्धनले चुनाव लडेका कारण नेम्वाङले ३६ हजार छ सय १७ मत पाएका थिए भने कांग्रेसका थापालाई २६ हजार आठ सय ६५ मत मात्र प्राप्त भएको थियो । अनुभवी नेता आचार्यले २०७९ को झिनो मतान्तर उल्ट्याएर विजयी हुने दाउमा रहेका छन्। यस क्षेत्रमा करिब एक लाख १९ हजार चार सय ८९ मतदाता छन् ।

स्थानीय र अघिल्ला निर्वाचनको मतपरिणाम अनुसार यसपटक पनि मुख्य प्रतिस्पर्धा कांग्रेस-एमालेबीच हुने देखिन्छ । यद्यपि राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय परिवर्तन पार्टीले पनि सङ्गठन विस्तार र चुनाव केन्द्रित गतिविधि तीव्र बनाएका कारण दुवै पार्टीको मत केही हदसम्म घट्ने सम्भावना छ । यसअघि उपनिर्वाचनमा सुहाङलाई तत्कालीन नेकपा माओवादीको समर्थन थियो, तर अहिले माओवादीसहितको गठबन्धनमा रहेका दलबाट पनि नेपाली कम्युनिस्ट पार्टीको उम्मेदवार चुनावी मैदानमा छन् ।

संविधान सभा अध्यक्ष तथा तत्कालीन प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङको निधनपछि भएको २०८१ को उपनिर्वाचनमा नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले २१ हजार नौ सय ४२ मत प्राप्त गरेका थिए । उक्त निर्वाचनमा एमालेका सुहाङको मतान्तर पाँच हजार सात सय ८० मत थियो ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा बढ्नेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा भएको बिवाद टुंगो लाग्ने योग आएको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, साथीभाइसँग भेटघाट तथा रमाइलो समय बित्नेछ, घुँडा तथा ढाडमा समस्या देखिने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** दिन मध्यम छ, घरमा विशेष अतिथिको आगमन हुनाले खुशीयाली आउनेछ, अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, पेट सम्बन्धी समूयाले सताउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, आज धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** तपाईको आजबाट शुभ समय चलेको छ, स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ताले हटेर जानेछ, मन हलुंगो तथा आनन्द रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पती, पत्नीबीच सद्भाव बढ्नेछ, सन्तान पक्षबाट शुख मिल्नेछ, परिवारमा कुनै विशेष योजनाबारे छलफल हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, गरेको काम बन्नेछन्, तर कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** व्यापार-व्यवसायमा लाभदायक योग छ, अकस्मात धन लाभ हुनाले मन प्रशन्न रहला, अनावश्यक खर्च हुने सम्भावना पनि रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** कार्यसिद्धीमा भएका बाधा अड्चन हटेर जानेछ, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला, मनमा खटपटी पैदा हुने समय छ, ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

मिति २०८२/१०/२६ सोमबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,०४,६००/-
चाँदी
प्रति तोला
रु. ५,२५०/-

# ...भ्यास

नीकरण गरी एसएमएस,
दाता जानकारी दिने काम
नसकेका देशका दुर्गमा
हरित मतदान केन्द्रको
क मतदान केन्द्र स्थापना,
सिनको प्रयोग, जैविक र
कल बिन'हरुको व्यवस्था
ीलाई प्रयोगमा ल्याउन

दल वा साइकलबाट पुग्न
निर्धारण गर्ने, सार्वजनिक
न गर्ने, निर्वाचन कार्बन
सर्जन न्यूनीकरणमा जोड
छि वातावरणीय प्रभाव
गरिएको छ।

ारीलाई दिइने तालिम,
र उम्मेदवारलाई दिइने
त निर्वाचनको महत्वका
छ। 'हरित निर्वाचन :
मतदाता शिक्षा अभियान
ोडयुक्त डिजिटल कार्डको
ाने, ई-मतदाता कार्डलाई
सले आगामी दिनमा अन्य
ा वातावरणमैत्री निर्वाचन

र्थक, सामाजिकदेखि
नकारात्मक प्रभावलाई
ा सचेतना बढ्दै गएको
ने वातावरणमैत्री बनाउन
का छन्। स्वीडेन, जर्मनी,
शहरुले डिजिटल मतपत्र
मा ल्याएका छन्। यसले
ा साथै प्रचारका कामहरु
को छ। विद्युत्को पहुँच
ऊर्जा जस्ता नवीकरणीय
निज इन्धनको खपतलाई
द्वारा मतदातालाई सूचना
सञ्चालन भएका छन्।
हरुमा पनि ई-भोटिङलाई
निर्वाचनसँग सम्बन्धित
ुने गर्दछ भने मतदातालाई
इमेल, टेक्स्ट, वेबसाइट
हरुले आफ्ना धारणाहरु
कन्फरेन्सिङ/भर्चुअलका
निर्वाचनमा प्रयोग भएका
पुनः प्रयोग वा रिसाइकल
भएको छ। छिमेकी मुलुक
िय मतदान मेसिनको प्रयोग
आएको छ। मोबाइल
दाता साक्षरताका कार्यक्रम

न २०१९ अनुसार केरलाको
ई प्रचारप्रसार अभियानमा

एकपटक मात्र प्रयोग हुने प्लास्टिक प्रयोग नगर्न आग्रह गरेको थियो। गोआ राज्यले सन् २०२२ मा विधानसभा निर्वाचन गर्दा 'नो-प्लास्टिक' नीति लागू गर्नुका साथै जैविक विविधता बोर्डले स्थानीय कारीगढहरूले बनाएका जैविक सामग्री प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नुपर्ने निर्णय गरेको थियो।

श्रीलङ्कामा कार्बन-संवेदनशील अभियान २०१९ अनुसार प्रत्येक जिल्लामा वृक्षरोपण गरेर उत्सर्जनलाई क्षतिपूर्ति गर्ने काम गरिएको थियो। त्यहाँका राजनीतिक दलले कार्बन 'सेन्सिटिभ इन्भारिमेन्ट फ्राइन्डली क्याम्पियन' शुरु गरेका थिए। एसएलपिपी दलले विश्वकै पहिलो कार्बन-संवेदनशील अभियानसँगै गाडी र बिजुली प्रयोगबाट निस्कने कार्बन उत्सर्जन मापन गरेको थियो। फिलिपिन्समा निर्वाचन आयोग लगायतका संस्थाहरुले शुरु गरेको 'इन्भारिमेन्टली सस्टेनेबल प्रोपागान्डा' निकै प्रभावकारी मानिएको छ। इन्डोनेसियामा डिजिटल प्रचारको प्रयोग र भौतिक प्रचार सामग्री घटाउने जस्ता कार्यक्रममा जोड दिइएको छ। दक्षिण कोरियामा निर्वाचन व्यवस्थापन तथा राजनीतिक दल तथा उम्मेदवारले गर्ने प्रचारप्रसार कार्यक्रम सूचना प्रविधिमैत्री हुनुपर्ने व्यवस्था छ।

हाम्रो जस्ता देशका लागि हरित निर्वाचनका लागि भने केही चुनौतीहरू नभएका होइनन्। सबै मतदातासँग इन्टरनेट/स्मार्टफोनको पहुँच नहुँदा निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई विस्तृत रुपमा लैजान कठिनाइ हुन्छ। निर्वाचनपछि थुप्रिने प्लास्टिक तथा कागजी फोहरलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। निर्वाचनमा करोडौं मतपत्र, पोस्टर, ब्यानरको प्रयोग हुने गर्दछ। हाम्रो जस्ता भौगोलिक विकट भएको मुलुकमा निर्वाचनका लागि आवश्यक सामग्रीहरु प्रत्येक केन्द्र वा बुथसम्म पुऱ्याउन हजारौं सवारीसाधन आवश्यकपर्ने हुँदा ठूलो परिणाममा इन्धनको खपत हुने गर्दछ। अनलाइन भोटिङ गर्दा सुरक्षा जोखिम (ह्याकिङ, डाटा चोरी)को पनि नहोला भन्न सकिन्न।

नेता, कार्यकर्ता, मतदातादेखि निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी सबैलाई नयाँ प्रविधिको प्रयोगमा अभ्यस्त बनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। कानूनी रुपमै डिजिटल मतदानलाई मान्यता दिने गरी नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ। कतिपय देशमा अपनाइएका अभ्यासहरु हाम्रो सन्दर्भमा त्यति उपयुक्त नहुन पनि सक्छ। तथापि, हरित निर्वाचनको अभ्यासले निर्वाचन खर्च घट्ने, वातावरणीय क्षति न्यून हुने, अन्तर्राष्ट्रिय छविमा सुधार आउने, युवाको सहभागिता वृद्धि हुने र अन्ततः दिगो लोकतन्त्रको आधार निर्माणमा सहयोग पुग्ने भएकाले यसलाई आत्मसात गर्नु हरेक दृष्टिले उपयुक्त देखिन्छ।

अन्त्यमा लोकतान्त्रिक प्रक्रियामा वातावरणीय दायित्वलाई बोध हुने गरी विश्वभरि हरित निर्वाचनको अभ्यासमा जोड दिन थालिएको छ। हरित निर्वाचन केवल भोट हाल्ने नयाँ तरिका मात्र होइन- यो दिगो लोकतन्त्रको भविष्य हो, जसले पृथ्वी तथा नागरिक दुबैलाई लाभ पुग्दछ। सरकारको हरित विकासको रणनीतिलाई आयोगको हरित निर्वाचन अभियानले सहयोग पुग्ने अपेक्षा गरिएको छ। राजनीतिक पार्टीहरु यतिबेला आफ्ना घोषणापत्र तयार गरी मतदाताका घरदैलोमा जाने तरखर गरिरहेका बेला वातावरणप्रति आफ्नो पार्टीको स्पष्ट दृष्टिकोणसहित जान सक्नुपर्छ र मतदाताले पनि यसबारेमा पार्टीहरुलाई खबरदारी गर्न सकेमा हरित निर्वाचन अभियानलाई सफल तुल्याउन सकिन्छ।

# वैवाहिक वर्षगाँठमा व्यवसायी सदस्य राहत कोषमा सहयोग

**बिर्तामोड, माघ २६।** वीरता जेसीजका पूर्व अध्यक्ष तथा नेपाल जेसीजका पूर्व उपाध्यक्ष, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व कार्यसमिति सदस्य एवम् बिर्तामोडका युवा व्यवसायी घनश्याम चौधरीले आफ्नो १९औं वैवाहिक वर्ष गाँठको अवसरमा व्यवसायी सदस्य राहत कोषमा सहयोग गरेका छन्।

देउरानी-जेठानी साडी शोरुका सञ्चालक समेत रहेका चौधरीले श्रीमती पुनम चौधरीसहित संघको कार्यालयमा आएर संयुक्त रूपमा बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषलाई २१ हजार २१ रुपैयाँ सहयोग प्रदान गरेका हुन्।

बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालयमा आयोजित विशेष कार्यक्रमका बीच चौधरी दम्पत्तीले उक्त रकमको चेक हस्तान्तरण गरेका थिए। कार्यक्रम नेपाली कांग्रेस बिर्तामोड नगर सभापति भोजराज सिटौलाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

र हालसम्मको अवस्थाबारे जानकारी गराउँदै कोषमा करिब २५ लाख रुपैयाँ जम्मा भइसकेको बताए। उनले चौधरी दम्पत्तीको सहयोगले कोषलाई थप बल पुग्ने विश्वास व्यक्त गरे।

संघका महासचिव कुशल खतिवडाले सञ्चालन गरेको कार्यक्रममा संघका विशिष्ट सदस्य निर्मल भट्टराई, उपाध्यक्षद्वय विशाल थापा र जीवन खड्का, सचिव राजकुमार साह लगायत कार्यसमिति सदस्यहरूको उपस्थिति थियो। उक्त अवसरमा कोषमा सहयोग रकम प्रदान गरेर कोष वृद्धिमा सहयोग पुऱ्याएको भन्दै संघले चौधरी दम्पत्तीलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो।

कार्यक्रममा वीरता जेसीजका अध्यक्ष एलसी श्रेष्ठ, महासचिव सुवाश त्रिखत्री, छैठ महिला मञ्चकी अध्यक्ष निशा गुप्ता, संगीता साह, रेनुणा महत्तो, युवा फ्रन्टका अध्यक्ष अमरजीत साह लगायतले वैवाहिक उत्सवको अवसरमा गरिएको सहयोगको प्रशंसा गर्दै चौधरी दम्पत्तीलाई शुभकामना




कार्यक्रममा सहयोग प्रदान गर्दै चौधरीले वैवाहिक वर्षगाँठ जस्ता व्यक्तिगत उत्सवलाई फजुल खर्चमा सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्न पाउँदा खुशी लागेको बताए। उनले व्यवसायी राहत कोष जस्तो अभियानमा सहयोग गर्न पाउँदा गर्वको महशुस भएको उल्लेख गर्दै अन्य व्यवसायीहरूलाई पनि यस्ता कोषमा योगदान गर्न उत्प्रेरित गरे। 'थोरै खर्च कटाएर ठूलो अर्थ राख्ने काम गर्न सकिन्छ' -उनले भने।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले राहत कोषको उद्देश्य

व्यक्त गरे।

कार्यक्रमका प्रमुख अतिथि सिटौलाले बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायीको हितका लागि थालेको कामको प्रशंसा गरे। उनले राजु न्यौपाने नेतृत्वको टिमले व्यवसायी संरक्षण र सशक्तिकरणका लागि उल्लेखनीय काम गरेको बताए।

स्थानीय सरकारले गर्नुपर्ने काम गर्न नसकिरहेको अवस्थामा वाणिज्य संघले अगाडि बढेर भूमिका खेलेकोमा खुशी व्यक्त गर्दै उनले आफ्नै जन्मदिन जेठ १० गतेका दिन राहत कोषमा सहयोग गर्ने घोषणा समेत गरे।

# क्रिएटिभ आइडल्सको वार्षिकोत्सव




**बिर्तामोड, माघ २६।** बिर्तामोड-५ मा रहेको क्रिएटिभ आइडल्स एकाडेमीले विविध सांस्कृतिक कार्यक्रम गर्दै ११औं वार्षिकोत्सव मनाएको छ।

शिक्षालाई पहिलो प्राथमिकतामा राखेर बिर्तामोडमा कपडा सिलाई र टेलरिङ व्यवसायमा आबद्ध सहयोगी दाताहरूको पहलमा विगत २०७१ सालबाट विद्यालय स्थापना गरी दुई सय ६० जना छात्रछात्रालाई पठनपाठन गराउँदै २२ जना कर्मचारीलाई रोजगारको व्यवस्था गरेको जनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा संस्थापक एजाज अहमद अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिका शिक्षा तथा खेलकुद शाखा उपसचिव तिलचन भण्डारीले उद्घाटन गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रवक्ता एवम् वडा नं. १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, विद्यालय संरक्षक हाजी सहिदुल हक अन्सारी, बिर्तामोड नगरपालिकाका प्याप्सन अध्यक्ष सुरेन्द्र खरेल, प्याप्सन प्रदेश कमिटी पूर्व कोषाध्यक्ष जीवन पनेरु, न्युटन एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाँई, विद्यालयका पूर्व अध्यक्ष एवम् कपडा, सिलाई र टेलरिङ व्यवसायी सङ्घका अध्यक्ष मोहम्मद तारा शेखको आतिथ्य रहेको थियो।

नेपाल पत्रकार महासंघ झापाका पूर्व उपाध्यक्ष एवम् पत्रकार केशव भट्टराईले उद्घाटन सत्रको कार्यक्रम तथा शिक्षिका बिमला दंगालले बाँकी कार्यक्रम सञ्चालन गरेकी थिइन्। कार्यक्रममा शिक्षिका दंगाल विद्यार्थी विश्वराज दाहाल र साथीहरूद्वारा राष्ट्रिय भावनाले ओतप्रोत भएको रातो र चन्द्र सूर्य जङ्गी निशाना हाम्रो भन्ने गीत प्रस्तुत गर्दै स्वागत गरेका थिए।

विद्यालयको विधागत रूपमा वार्षिक कार्यक्रम अन्तर्गत उत्कृष्ट हुने छात्रछात्रालाई प्रमाणपत्र तथा कक्षा आठमा अध्ययनरत् छात्र सलमान अलि लाई सम्मान गरिएको थियो। सम्मानित अलि बिर्तामोड प्याप्सनद्वारा आयोजित खेलकुद कार्यक्रम अन्तर्गत कराते काता प्रदर्शनमा रजक पदक र विद्यालयमा आयोजित बुद्धिचल प्रतियोगितामा स्वर्ण पदक विजेता छात्रा हुन्।

विद्यालयले छोटो समयमा उल्लेख्य प्रगति गर्दै विशेषगरी छात्राहरूलाई आत्मरक्षाका लागि शुरुबाटै कराते सिकाइको व्यवस्था रहेको प्रिन्सिपल धनञ्जय रिमालले बताए।

# सालनालसहित नवजात शिशु मृत फेला

**झापा, माघ २६।** कचनकवल गाउँपालिका-३ डाँगीबारीमा नवजात शिशु मृत अवस्थामा फेला परेको छ।

डाँगीबारी निवासी खेलबहादुर राजवंशीको घर पछाडि नजिकै रहेको परालको कुन्यु छेउमा हरियो कपडाको सलले बेरी सालनालसहित फ्यालिएको अवस्थामा नवजात शिशु (छोरा) फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए।

सालनालसहितको शिशु फेला परेको सूचना पाएलगत्तै प्रहरी चौकी पथरियाबाट प्रहरी सहायक निरीक्षक हरिभक्त श्रेष्ठको कमाण्डमा खटिएको टोली घटनास्थल पुगेर शिशुको शव पोस्टमार्टमका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ।


Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेउ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
युनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

United
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशनल ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३



निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
जहान सिंह राईको नातिनी, दलबहादुर राईको छोरी कोशी प्रदेश, इलाम जिल्ला सन्दकपुर गाउँपालिका वडा नम्बर ३ बस्ने लेखमाया कटुन्जेलीले यस इलाम शाखामा खाता नं. २१११५२४०३००११३ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२/०७/१३ मा निज खातावाला लेखमाया कटुन्जेलीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा लालबहादुर राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज** मृतक लेखमाया कटुन्जेलीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको रुरुरुरु शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा
फोन नम्बर: ०२७-५२१७२४



UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

DRISHTI Eye Care System
1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलबिन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागि दृष्टि

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
THAKUR POLYCLINIC

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)